जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९   स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१   अंक २८३   २०७९ साल असार ७ गते मंगलबार   (21 June 2022 Tuesday)   मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं। अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : टिआइएबाट कुन देशका कति... ३ पृष्ठमा : विपद्बाट यस वर्ष ७३... ३ पृष्ठमा : इराकमा हवाई आक्रमणमा ४ ...

# दोश्रो विवाहको तयारीमा लागेका बेहुला पक्राउ




दोश्रो विवाहको तयारीमा लागेका सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. ५ मझाउ टोलका ३२ वर्षिय फुलकुमार मण्डल । उनकी श्रीमती २६ वर्षिया काजल र चार वर्षिया छोरी ।

***तस्बिर : राजविराज दैनिक***

**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

दोश्रो विवाहको तयारीमा लागेका एक यूवकलाई प्रहरीले सोमबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. ५ मझाउ टोलका ३२ वर्षिय फुलकुमार मण्डल रहेका छन् ।

उनकी २६ वर्षिया श्रीमती काजलले दिएको उजुरीको आधारमा प्रहरीले फुलकुमारलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी माधवप्रसाद काफ्लले जानकारी दिएका छन् ।

श्रीमानले घरमा बस्न नदिएको, खान लगाउन नदिएको, कुटपिट गर्ने गरेको तथा दोश्रो विहे गर्न लागेको भन्दै श्रीमती काजलले प्रहरीमा दिएको उजुरीको आधारमा पक्राउ गरेको डिएसपी काफ्लेले बताए ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका ६ निवासी काजलको ६ वर्षअघि फुलकुमारसँग विवाह भएको थियो । उनीहरुको चार वर्षीया एक छोरी छिन् ।

फुलकुमार दोश्रो विवाहका लागि गाउँबाट जन्ती लिएर सीमावर्ती भारतको मधुवनी जिल्ला औरहा ग्रामपञ्चायत जाने तयारी गरिरहेकै बेला सोमबार जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको प्रहरी टोलीले पक्राउ गरेको हो । छोरीका बाबु फुलकुमारले केटीपक्षतिर आफू अविवाहित भएको भनी मागि विवाह गर्न जन्ती लिएर जाने तयारीमा थिए ।

विहेको ६ वर्ष बितिसक्दा पनि फुलकुमारले काजलको विवाह दर्ता नगराइदिएको तथा नागरिकता समेत बनाइ दिन आलटाल गर्दै आएका थिए । काजलले पति फुलकुमार र सासु, सासुराले १० लाख नगद वा गाउँकै १० कठ्ा जग्गा थप दाइजो रुवरुप आमाबुबासँग मागेर ल्याउन दबाब दिदै आएको बताइन् ।

यता घटनापछि फुलदेवलाई हिरासतमा राखएको र दुबै पक्षका अभिभावकलाई सँगै राखेर छलफल चलाइएको डिएसपी काफ्लेले जानकारी दिँदै दुबै पक्ष बीच कुरा नमिले कानुन अनुसार अघि बढ्ने समेत बताए ।

# कलभर्टमा जमेको पानीमा डुबेर बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकामा कलभर्टमा जमेको पानीमा डुबेर एक बालकको मृत्यु भएको छ ।

सो गाउँपालिका वडा नं. ६ मधेपुरा बस्ने राज कुमार मण्डलको ५ वर्षिय छोरा बिशाल भन्ने विजय कुमार मण्डलको मृत्यु भएको हो ।

प्रहरीका अनुसार घरदेखि १०० मिटर उत्तर बाटोमा खेल्ने क्रममा आइतबार साँझ कलभर्टमा जमेको पानीमा उनी डुबेका थिए ।

यता प्रहरीले घटना सम्बन्धमा अन्य अनुसन्धान कार्य गरिरहेको जनाएको छ ।

# करेन्ट लागेर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

राजबिराज नगरपालिका वडा नं. ९ बिहारपुरमा करेन्ट लागेर एक महिलाको ज्यान गएको छ ।

सोमबार स्थानिय मो.रजौलको श्रीमती ३० बर्षीया रुमी खातुनको करेन्ट लागेर ज्यान गएको हो ।

आफनै घरको पानी धारामा मोटर चलाई लुगा धुने क्रममा करेन्ट लागी उनी घाईते भएकी थिइन् । उनलाई तत्काल उपचारका लागी गजेन्द्र नारायण सिहं अस्पताल राजबिराजमा भर्ना गरेर इसिजि गराउँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता मृतकको लाशको कानुन बमोजिम सम्पुर्ण प्रकृया पुरा गरि घटना सम्बन्धमा अन्य अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# इन्धनको मूल्यवृद्धिबारे जवाफ दिन सभामुखको रुलिङ

काठमाडौँ, ६ असार (रासस) ।

सभामुख अग्निप्रसाद सापकोटाले इन्धनको मूल्यवृद्धिको कारण सदनलाई जानकारी गराउन सरकारलाई रुलिङ गर्नुभएको छ । पटक-पटक इन्धनको मूल्यवृद्धि भएको भन्दै सांसदहरुले प्रतिनिधिसभाको सोमबारको बैठकमा सभामुखको ध्यानकर्षण गराएपछि उहाँले सरकारका नाममा रुलिङ गर्नुभएको हो ।

सभामुखले पेट्रोलियम पदार्थको मूल्यवृद्धिका सन्दर्भमा आफ्नो ध्यानाकर्षण भएको बताउनुभयो । सभामुखले भन्नुभयो, "माननीय सदस्यहरुले उठाउनुभएको विषयमा सरकारको पनि ध्यानाकर्षण गराउन चाहन्छु, यस विषयमा सरकारलाई सत्यतथ्य सदन समक्ष पेश गर्न निर्देश गर्दछु ।"

नेपाल आयल निगमले सोमबारदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको थियो । उक्त मूल्यवृद्धिलाई लिएर सदनदेखि सडकसम्म विरोध भइरहेको छ ।

# समन्वय समितीको निर्वाचनका लागि दलहरुबीच छलफल जारि

**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

सप्तरीको राजगढ गाउँपालिकामा गाउँकार्यपालिका सदस्यको मनोनयनको विषयमा उत्पन्न विवाद समाधान भई निर्वाचन समेत सम्पन्न भएपछि जिल्ला समन्वय समिती सप्तरीको निर्वाचनको बाटो खुलेको छ ।

यसैक्रममा मुख्य निर्वाचन अधिकृतको कार्यालयले समितीको निर्वाचनका लागी असार ७ देखी १२ गतेसम्मको कार्यतालिका सार्वजनिक गरेको छ ।

असार ११ मा उम्मेदवारलाई चिन्ह प्रदान र १२ असारमा मतदान गरिने कार्यतालिका रहेको मुख्य निर्वाचन अधिकृत चन्द्रमणी ज्ञवालीले जानकारी दिएका छन ।

जिल्लामा सबै भन्दा ठूलो दल नेपाली काँग्रेस रहेका छ । सो पार्टीका जिल्ला उपसभापति रामकुमार यादवले केन्द्रमा भएको गठबन्धनका आधारमा यहाँ पनि गठबन्धनका अन्य दलसँग तालमेलको प्रयास भईरहेको जानकारी दिएका छन् । उनले अन्य दलसँग तालमेल गर्ने गरी अघि बढेपनि अहिले सम्म कुरा नमिलेको बताउँदै दोश्रो शक्तीको रुपमा देखापरेको जसपाले पनि सभापती पद नै खोज्दा कुरा नमिलेको तथा सहमतिको प्रयास भइररहेको जनाए ।

यता जसपाका जिल्ला अध्यक्ष केदार यादवले गठबन्धन दलबीच गहन छलफल भईरहेपनि अन्तिम

***बाँकी अन्तिम पृष्ठमा***

जन ज्योती कृषि सहकारी संस्था लि.
स्था.-२०६८
मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# स्वास्थ्यलाई प्रतिकुल असर पुग्ने सवारी साधनतर्फ ध्यान पुगोस्

धुँवा र धुलोका कारणले नेपालमा बर्षेनी लाखौं मानिसहरु बिरामी पर्ने गरेका छन भने ७० हजार भन्दा बढी व्यक्तिहरुको अकालमै मृत्यु हुने गरेको सरकारी तथ्याङ्कले देखाएको छ। तर पनि मुलुकलाई धुँवा र धुँलो रहित बनाउन नसकेका कारणले सर्वसाधारणहरुलाई निकै समस्या खेप्नुपरीरहेको छ। पछिल्लो पटक सप्तरीको सदरमुकाम राजविराजसहित जिल्लाका अन्य ग्रामिण भेगहरुमा समेत विभिन्न कारणले सर्वसाधारणहरु धुँवा र धुलोको सिकार भईरहेका छन। खासगरी नगर भित्र मात्र पुर्ण सरसफाई हुन नसकेका कारणले तथा व्यापक मात्रामा सवारी साधनहरु संचालन हुने गरेकाले सर्वसाधारणहरु धुँवा र धुँलोको सिकार भई बिरामी पर्ने गरेका छन। अधिकाँश टेम्पो जिर्ण र धुँवा नै धुँवाका कारणले निकै समस्या खेप्नुपरीरहेको छ।

अहिले विभिन्न स्थानमा निर्माण कार्य भईरहेकाबेला निर्माण सामग्रीहरु लिएर आवत जावत गर्ने सवारीसाधनले पनि धुवा तथा सडकको फोहर उडाउने गरेका छन्। त्यसको प्रत्यक्ष असर सर्वसाधारणहरुलाई भोग्नुपरीरहेको छ। दिनमा दर्जनौ पटक दर्जनौ सवारी साधनहरु वालु, गिटी लगायतका विभिन्न निर्माण सामग्रीहरु ओसार पोसार गर्ने गरिन्छ र सबैको धुँवा र धुँलो स्थानीयबासीहरुलाई खानुपरेकाले सर्वसाधारणहरुको स्वास्थ्यमाथि प्रतिकुल असर परेपनि त्यसलाई नियन्त्रण गर्नेतर्फ स्थानीय प्रशासन तथा सम्बन्धित निकायको ध्यान जान सकेका छैन।

तसर्थ सर्वसाधारणहरुको स्वास्थ्यलाई प्रतिकुल असर नपुग्ने गरी सवारी साधन आवगमन तथा समानहरु ढुवानी गर्नेतर्फ समयमै सम्बन्धित निकायको ध्यान पुग्नु आवश्यक छ।

# टिआइएबाट कुन देशका कति एयरलाइन्सले उडान भर्छन् !

**सिबी अधिकारी**

काठमाडौँ, ६ असार (रासस)। सात दशक लामो इतिहास बोकेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए) विदेशी नागरिक नेपाल प्रवेश गर्ने पहिलो नाका हो। विदेशीलाई नेपालको झझल्को दिने ऐनाका रुपमा पनि काठमाडौँ विमानस्थललाई लिइन्छ। अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको ७० वर्षभन्दा बढी लामो समयपछि मुलुकभित्र अर्को भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल हालै सञ्चालनमा आएको छ।

निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल करिब निर्माण सम्पन्न भई शीघ्र सञ्चालनको तयारीमा छ। हाल देशभित्र तीन अन्तर्राष्ट्रिय विमानस्थल भएका छन्। यी विमानस्थल विदेशी नागरिक प्रवेश गर्ने पहिलो ढोका हुन्। विमानस्थलको सेवासुविधा भौतिक पूर्वाधारको अवस्थाले नेपाल झल्काउने भएकाले विमानस्थलको सेवा सुदृढीकरण र आधुनिक पूर्वाधार एवं प्रविधिमैत्री बनाउन नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल कार्यालय लागिपरेका छन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट कुनकुन देशमा कति एयरलाइन्सले उडान भर्छन् भन्ने आम चासोको विषय बन्न सक्छ। त्यसैले कोभिड-१९ महामारीपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर कुनकुन एयरलाइन्सले उडान सञ्चालन गरिरहेका छन् भनेर सङ्क्षिप्तमा सामग्री तयार गरिएको छ।

विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाका अनुसार कोभिडपछि अन्तर्राष्ट्रियतर्फ ७० उडान भइरहेका छन्।

आन्तरिकतर्फ कोभिडपूर्वकै अवस्था अर्थात् करिब शतप्रतिशत उडान भइरहेको छ। अन्तर्राष्ट्रियमा अहिले दैनिक सरदर दुईतर्फी ६० उडान हुँदै आएका छन्। यो सङ्ख्या मौसम सामान्य अवस्थामा भएका बेला उडान व्यवस्थापनमा सहज हुने तर अहिले मनसुन सिजन भएकाले विमानस्थलमा बढी उडान चाप हुने गरेको प्रवक्ता सिटौलाको भनाइ छ।

विमानस्थलबाट थाई स्माइल एयरले छिट्टै उडान भर्दैछ। कोभिडपछि चिनियाँ जहाजले काठमाडौँ विमानस्थलमा नियमित 'सेड्युअल' उडान गरेका छैनन्। अहिले चार्टर्ड उडान मात्रै भइरहेको छ। कूल ९२ लाख यात्रु क्षमताको टिआइएमा सबै एयरलाइन्सले पूर्ण क्षमतामा उडान गरेकाले विमानस्थल साँघुरो हुने अधिकारी बताउँछन्।

त्यसैले काठमाडौँ विमानस्थलको विकल्पका रुपमा भैरहवा विमानस्थललाई सञ्चालन गर्ने प्राधिकरणको नीति छ। पोखरा विमानस्थल पनि सञ्चालनमा आएपछि अन्तर्राष्ट्रिय उडान व्यवस्थापनमा सहजता आउने अनुमान गरिएको छ। कोभिड महामारीपूर्व नेपालका तीनसहित ३० देशका एयरलाइन्सले उडान भर्दै आएका थिए। यो विमानस्थलमा आन्तरिकतर्फ हाल ११ हेलिकप्टर कम्पनीसहित २० वायुसेवा प्रदायकले उडान सञ्चालन गर्दै आएका छन्।

**उन्नाइस देशका २४ एयरलाइन्सको उडान**

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर दुई नेपालीसहित ३४ एयरलाइन्सले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन्। यीमध्ये नेपालसहित १९ देशका २४ एयरलाइन्सले सम्बन्धित मुलुकमा सिधा हवाई उडान गरिरहेका छन्। सबैभन्दा बढी चीनका चार, नेपाल र भारतका समान दुई एयरलाइन्सले उडान भर्दै आएका छन्।

चीनको एयर चाइना, सिचुवान एयर, चाइना इस्टर्न, चाइना साउदर्नले उडान गरिरहेका छन् भने भारतको एयर इण्डिया र इण्डिगो एयरले उडान भर्दै आएका छन्। नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले हाल भारतका तीनसहित आठ देशका १० गन्तव्यमा उडान भर्दै आएको छ।

नेपालबाट अन्तर्राष्ट्रिय उडान गरिरहेको निजी क्षेत्रको हिमालय एयरलाइन्सले विभिन्न छ देशका छ गन्तव्यमा उडान भर्दै आएको छ। एयर अरेबिया अबुधाबी र एयर अरेबिया सारजाहले उडान भर्दै आएका छन्।

त्यस्तै जजिरा एयर, कोरियन एयर, मालिन्दो एयर, मलेसिया एयर, कतार एयरवेज, सलाम एयर, सिङ्गापुर एयर, श्रीलङ्कन एयरलाइन्स, टर्किस एयरलाइन्सले उडान भरिरहेका छन्।

त्यसैगरी विमान बङ्गलादेश, क्याथी प्यासिफिक एयरवेज लिमिटेट, ड्रक एयरलाइन्स र फ्लाइ दुबईले काठमाडौँ विमानस्थल भएर उडान गरिरहेका छन्। एक महिनाअघि व्यावसायिक सञ्चालनमा आएको भैरहवा विमानस्थलबाट कुवेतको जजीरा एयरले उडान गरिरहेको छ।

उक्त विमानस्थलमा उडानका लागि विभिन्न अन्तर्राष्ट्रिय एयरलाइन्सले पनि चासो देखाएका छन्। नेपालले हाल ४० मुलुकसँग हवाइसेवा सम्झौता गरिसकेको छ। पछिल्लो पटक सन् २०१९ मा अष्ट्रेलियासँग हवाई सेवा सम्झौता भएको थियो। टिआइएमा विभिन्न १० हेलिकप्टर कम्पनी छन्।

# 'इन्धनको मूल्यवृद्धिले जनताको ढाड सेक्यो'

काठमाडौँ, ६ असार (रासस)। प्रतिनिधिसभाको सोमबारको बैठकमा नेपाल आयल निगमले आइतबार रातिदेखि इन्धनमा चरम मूल्यवृद्धि गरिएको भन्दै आपत्ति प्रकट गरिएको छ। पछिल्लो एक महिनामा मात्रै चारपटक मूल्यवृद्धि भएको छ। आइतबारको मूल्यवृद्धिपछि पेट्रोल प्रतिलिटर रु १९९ बराबर पुगेको छ।

बैठक सुरु भएलगत्तै नेकपा(एमाले)का सांसद पद्मा अर्यालले नागरिकको ढाड सेक्नेगरी मूल्यवृद्धि गरिएको आरोप लगाउनुभयो। उहाँले पेट्रोलपम्पमा स्टक राखेर मूल्यवृद्धि गरिँदा ठूलो आर्थिक लाभ हासिल भएको आरोप लगाउनुभयो।

हेर्दा सामान्यरुपमा इन्धनको मूल्यवृद्धि भएको देखिए पनि यसले बजारमा चरम महँगी बढाउने भन्दै जनता निरास बनाउने काम गरिएको उहाँको भनाइ थियो। छोटोछोटो समयमा मूल्यवृद्धि गरेर नागरिकको दैनिक जनजीवन प्रभावित भएको उहाँले बताउनुभयो।

उहाँले मूल्यवृद्धिका सम्बन्धमा सरकारको तर्फबाट उचित जवाफ नआउँदासम्म सदनको कारवाही अगाडि बढ्न नसक्ने जिकिर गर्नुभयो। सांसद अर्यालको उक्त मागपछि सभामुख अग्निप्रसाद सापकोटाले आफ्नो ध्यानाकर्षण भएको भन्दै सरकारलाई उचित जवाफ दिन निर्देशन दिनुभयो।

यस्तै उहाँले इम्बोस्ड नम्बर प्लेट जडानमा समेत आर्थिक अनियमितता गरिएको आरोप लगाउनुभयो। यस्तै सोही दलका सांसद लालबाबु पण्डितले सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरामाथिको महाअभियोग प्रस्तावमाथि हालसम्म पनि प्रक्रिया अगाडि नबढेकामा आपत्ति प्रकट गर्नुभयो। सोही दलका सांसद जगतप्रसाद सुनारले बाढी, पहिराका कारण कास्कीका विभिन्न स्थानमा वितण्डा मच्चाएको विवरण प्रस्तुत गर्नुभयो।

सोही पार्टीकै सांसद गणेश पहाडीले शान्तिपूर्ण विरोध प्रदर्शन गरेका विद्यार्थीमाथि यही असार ४ गते मिनभवन क्याम्पसमा आक्रमण गरिएको बताउनुभयो।

सांसद सरिताकुमारी गिरीले न्यायको माग राख्दै आमरण अनशनमा बसेकी निहारिका राजपूतका सम्बन्धमा सरकारसँग भएको सहमति कार्यान्वयन गर्न माग गर्नुभयो। शान्तिमाया तामाङ पाखिनले स्थानीय निर्वाचनका क्रममा दोलखामा भएको घटनाका बारेमा जानकारी गराउनुभयो।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विपद्बाट यस वर्ष ७३ को मृत्यु

काठमाडौँ, ६ असार (रासस)।

विभिन्न प्राकृतिक विपद्बाट यस वर्ष ७३ जनाले अकालमै ज्यान गुमाइसकेका छन् । सबैभन्दा बढी चटचाङबाट २७ जनाको मृत्यु भएको छ भने आगलागीबाट १५, जङ्गली जनावरको आक्रमणबाट १०, पहिरोबाट आठ, हुरीबतासबाट आठ, सर्पदंशबाट तीन र बाढीबाट दुई जनाको मृत्यु भएको जनाइएको छ ।

गत वैशाख १ देखि असार ५ गतेसम्म देशभरको विभिन्न विपद्का घटनामा परी घाइते हुनेको सङ्ख्या पनि निकै छ भने भौतिक सम्पत्तिको क्षयको यकीन विवरण आइसकेको छैन । प्रकोप पूर्वतयारी सञ्जाल (डिपिनेट)ले सञ्चारकर्मीका लागि आयोजना गरेको 'पूर्वसूचना प्रणालीमा सञ्चारको भूमिका' विषयक अन्तर्क्रियामा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठनका पूर्वउपकूलपति प्रा डा जीवराज पोखरेलले केही वर्षयता प्राकृतिक विपद्का घटना बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न मौलिक प्रविधिमा जोड दिनुपर्ने धारणा राख्नुभयो ।

सहर बस्ती बसाउँदा सँगसँगै पोखरी बनाउनुपर्छ भन्ने कौटिल्यको सिद्धान्तलाई आत्मसात् गर्न सकिएमा बाढीपहिरो, आगलागीका घटना न्यून हुनुका साथै जैविक विविधता संरक्षण र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने उहाँको भनाइ थियो ।

मौसमविद् एवं डिपिनेटका प्राविधिक सल्लाहकार डा धरमराज उप्रेतीले मौसमको पूर्वसूचना अहिले पनि भारतको मौसम विभागबाट लिनुपर्ने अवस्था रहेको भए पनि तत्कालको भविष्यवाणी भने नेपालको जल तथा मौसम विज्ञान विभागको भरपर्दो रहेको उल्लेख गर्नुभयो । मौसमविद् उप्रेतीले भन्नुभयो, "विगतका वर्षको तुलनामा यस वर्ष मनसुनको चाप बढी रहेकाले यसले बाढी, पहिरो, कटान, डुबानजस्ता क्षति विपद् ल्याउने हुँदा त्यसबाट सुरक्षित रहन पूर्वतयारीदेखि पूर्वसूचना प्रणालीलाई समुदायस्तरसम्म पुऱ्याउन जरुरी छ ।" उहाँले विपद्सम्बन्धी ज्ञान, प्रभावकारी अनुगमन, चुस्त सञ्चार प्रणाली र समुदायको क्षमताको विकास नभएसम्म विपद् जोखिम न्यूनीकरण गर्न कठिनाइ हुने बताउनुभयो ।

पूर्वशिक्षामन्त्री डा गङ्गालाल तुलाधरले प्राकृतिक विपद्का कारण अकालमै ज्यान जाने, अङ्गभङ्ग हुने र भौतिक सम्पत्ति क्षति हुने अवस्थालाई समयमै रोक्न सकिएमा त्यो महापूण्य कार्य हुने भएकाले यसमा लाग्न सबैलाई आग्रह गर्नुभयो । उहाँले पूर्वतयारीमा एक डलर लगानी गरिएमा त्यसबाट राहत, पुनःस्थापनामा झण्डै सात डलर बराबर बचत हुने उल्लेख गर्दै विज्ञानमा आधारित जोखिम संवेदनशीलतालाई सबैले मनन गरी मौसमको पूर्वसूचना प्रणालीलाई समुदायस्तरमा पुऱ्याउन जरुरी रहेको बताउनुभयो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई स्वायत्त, अधिकारसम्पन्न र साधनस्रोत सम्पन्न नबनाएसम्म विपद् व्यवस्थापनलाई प्रभावकारी तुल्याउन आवश्यक रहेको प्रधानमन्त्रीको अध्यक्षतामा गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्का विज्ञ सदस्यसमेत रहनुभएका डा तुलाधरको भनाइ छ ।

डिपिनेटका कार्यवाहक अध्यक्ष डा राजु थापाले प्राकृतिक विपद्का दृष्टिले नेपाल विश्वमै उच्च जोखिमपूर्ण अवस्थामा रहेकाले यसबाट हुने क्षति न्यून गर्न राजनीतिक नेतृत्वदेखि समुदायस्तरसम्म प्रभावकारी सूचना सम्प्रेषणमा जोड दिन आवश्यक रहेकाले यसमा सञ्चारकर्मीको भूमिकालाई सशक्त बनाउन आवश्यक रहेको बताउनुभयो ।

# ३४ वटा वायुयान 'नाइट-स्टप' पार्किङ काठमाडौंबाहिर जानु पर्ने

काठमाडौँ, ६ असार (रासस)।

हेलिकप्टर तथा जहाज पार्किङका लागि ठाउँ अभाव भएको भन्दै नेपाल नागरिक उड्डयन प्राधिकरणले १४ वटा हेलिकप्टरलाई अबदेखि 'नाइट-स्टप' पार्किङका लागि काठमाडौँबाहिर अनिवार्य जानुपर्ने निर्णय गरेको छ ।

प्राधिकरणको आइतबार बसेको बैठकले उक्त निर्णय गरेको हो । 'नाइट-स्टप' पार्किङका लागि विमानस्थलमा ठाउँ अभाव भएको भन्दै व्यावसायिक उडान गर्ने नौवटा वायुसेवाका ४८ मध्ये २० वटा जहाज पनि 'नाइट-स्टप' पार्किङका लागि बाहिर जानुपर्ने निर्णय गरिएको प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिनुभयो । उहाँका अनुसार अनुमति लिएका हेलिकप्टर र वायुसेवाले आफ्ना जहाज मोफसलमा अनिवार्य राख्नुपर्ने निर्णयसमेत गरिएको छ ।

प्राधिकरणले गरेको सो निर्णय यही असार ७ गतेदेखि हेलिकप्टर र १३ गतेदेखि जहाजमा अनिवार्य कडाइका साथ लागू हुने नेपाल प्राधिकरण (क्यान)का महानिर्देशक ई प्रदीप अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालको उड्डयन सुरक्षा अभिवृद्धि गर्ने नीतिअनुसार प्राधिकरणले 'नाइट-स्टप' पार्किङका लागि काठमाडौँबाहिर अनिवार्य जानुपर्ने निर्णय गरिएको छ । कडाइका साथ निर्णय लागू गरिनेछ ।"

प्राधिकरण मातहतको फ्लाइटअनुसार नेपालमा ३६ वटा हेलिकप्टर रहेको बताइएको छ । अबका दिनमा हेलिकप्टर र वायुसेवाले काठमाडौँ विमानस्थलमा तोकिएको सङ्ख्याभन्दा बढी जहाज पार्किङ गर्न पाउने छैनन् । सङ्घीयताको मर्मअनुसार प्रदेशको अर्थतन्त्र चलायमान बनाउन र प्रदेशका सर्वसाधारणले आफ्नो समयअनुसार केन्द्रीय राजधानीमा आउन यो समानताको निर्णयले अझ सहज हुने नेपाल नागरिक उड्डयन प्राधिकरणले अपेक्षा लिएको छ ।

यसैगरी राज्यले भिभिआइपीको सूचीमा राखेका व्यक्तिले अबका दिनमा एकल पाइलटद्वारा सञ्चालन हुने हेलिकप्टर चार्टर उडानमा यात्रा गर्न नपाउने भएका छन् । नागरिक उड्डयन प्राधिकरणले आइतबार भिभिआइपी हेलिकप्टर उडानमा अनिवार्य दुईजना पाइलट हुनुपर्ने निर्णय गरेको छ । राज्यले भिभिआइपी भनेकाव्यक्तिहरूलाई एकल पाइलट भएको उडानबाट ओहोरदोहोर गराउन नपाइने भनेर निर्णय भएको र सोमबार सबै हेलिकप्टर कम्पनीलाई परिपत्र जारी गरिने नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक ई अधिकारीले जानकारी दिनुभयो ।

हाल नेपालमा १० वटा निजी हेलिकप्टर कम्पनी रहेका छन् । प्राधिकरणको आइतबार बसेको सञ्चालक समितिको बैठकले अबदेखि अन्य सर्वसाधरणले गर्ने चार्टर उडानमा पनि दुइटा पाइलट अनिवार्य राख्नुपर्ने निर्णयसमेत गरेको छ । मौसमको अवस्था, पाइलटको स्वास्थ्य अवस्था, भौगोलिक अवस्था आदि स्थितिका आधारमा कतिपय उडानमा एउटा पाइलटले सर्वसाधारणका लागि चार्टर उडान भने गर्न पाउनेछन् ।

# थप २८ जना संक्रमित

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ असार ।**

पछिल्लो २४ घण्टामा थप २८ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ कसैको मृत्यु भएको छैन ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार १ हजार ८६२ जनाको पीसीआर परीक्षणमा २० जना र २ हजार ५२ जनाको एन्टीजेन परीक्षणमा ८ जना गरी २८ जनामा संक्रमण पुष्टि भएको हो ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट १० जना निको भएका छन् भने हाल देशभर १२० जना सक्रिय संक्रमित रहेका छन् । जसमध्रुये ११७ जना होम आइसोलेसनमा रहेका छन् ।

सोमबार थपिएसँगै नेपालमा कोरोना संक्रमितको कुल संख्या ११ लाख १९ हजार ७६७ पुगेको छ ।

योसँगै नेपाल मृत्यु हुनेको संख्या ११ हजार ९५२ पुगेको छ भने ९ लाख ६७ हजार ३१० जना संक्रमणमुक्त भएका छन् ।

## विश्व समाचार

# इराकमा हवाई आक्रमणमा ४ आईएस लडाकु मारिए

बगदाद इराके, ६ असार, (रासस-एएनआई/सिन्ह्वा)।

पश्चिमी इराकमा भएको हवाई हमलामा आइतबार इस्लामिक स्टेट (आईएस) समूहका अन्बार प्रान्त समूहका नेतासहित चार लडाकु मारिएको इराकी सेनाले जनाएको छ । इराकी सशस्त्र सेनाले राजधानी बगदबाट करिब ३९० किलोमिटर पश्चिममा रुतबा शहर नजिकैको मरुभूमि क्षेत्रमा अन्बारमा अबु मन्सुर उपनाम दिएका आईएस नेता र अन्य तीन जना लडाकुहरूलाई बोकेको ट्रकमा आक्रमण गरेका थिए

भनिएको छ, सेनाले पछि लक्षित स्थानमा खोजी गऱ्यो र चार शव, एक नष्ट ट्रक, दुई विस्फोटक बेल्ट, दुई राइफल र एक पेस्तोल फेला पारेको थियो । अबु मन्सुर अल-रुत्बा क्षेत्रमा बगदाद-अम्मान अन्तरराष्ट्रिय सडकमा नागरिकहरूलाई लक्षित गर्ने जिम्मेवार व्यक्तिहरू मध्ये एक हो । उनले इराक र सिरियामा आईएस समूहमा धेरै पदहरू सम्हालेका मन्त्रालयको गुप्तचर सेवाले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

इराकी सुरक्षा बलहरूले विगत केही महिनादेखि आइएस लडाकुहरूका तीव्र गतिविधिहरूलाई रोक्न लडिरहेका छन् । सन् २०१७ मा आईएसको पराजयपछि इराकको सुरक्षा स्थितिमा सुधार भइरहेको छ। यद्यपि, आईएसका अवशेषहरू शहरी केन्द्रहरू, मरुभूमि र अन्य क्षेत्रहरूमा छिटफुट मात्रामा छन् र सुरक्षा बल र नागरिकहरू विरुद्ध बारम्बार छापामार आक्रमणहरू गर्दै आएका छन् ।

# अफगानिस्तानका ६ हजार ५०० भन्दा बढी परिवारलाई मानवीय सहायता प्रदान

काबुल, ६ असार (रासस/सिन्हवा)।

अफगानिस्तानका २० प्रान्तका विभिन्न स्थानमा गरी ६ हजार ५०० भन्दा बढी परिवारलाई मानवीय सहायता प्रदान गरिएको छ । उनीहरुले गएको एक हप्ताभित्रमा यो सहायता प्राप्त गरेका अफगानिस्तानको शरणार्थी तथा पुनर्स्थापनासम्बन्धी मन्त्रालयले जानकारी दिएको छ ।

प्राप्त भएका सामग्रीहरुमा खाद्यान्न, औषधि तथा अन्य अत्यावश्यकताका सामग्रीहरु रहेका पनि सो मन्त्रालयले आइतबार प्रकाशन गरेको विज्ञप्तिमा जानाइएको छ । यी सामग्रीहरु विभिन्न स्थानीय तथा विदेशी दाता संस्थाहरुबाट प्राप्त भएको पनि आइतबार सो मन्त्रालयले प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ । यहाँ वर्षदिन अघिदेखि तालिबानहरुले शासन सत्ता आफ्ना हातमा लिएपछि मानिसहरुलाई न्युनतम आवश्यकताको पनि समस्या पर्दै आएको छ ।

यसैकारण अफगानिस्तानका नागरिकलाई विभिन्न विदेशी राष्ट्र तथा दाता संस्थाहरुले पनि सहयोग गर्दै आएका छन् ।यस देशको ३ करोड ५० जनसङ्ख्यामध्ये कम्तीमा पनि २ करोड २० लाख मिलियनलाई खाद्यान्नको समस्या अहिले पनि देखिएको छ ।त्यसैले विभिन्न दाता संस्था तथा राष्ट्रहरुले यहाँका नागरिकलाई खाद्यान्न लगायतको अति आवश्यकताका सामग्रीहरु सहयोग गर्दै आएका छन् ।

# भारतमा मनसुनको प्रकोप, थप २६ जनाको मृत्यु

गुवाहाटी, भारत, ६ असार (रासस/एएफपी)।

भारतमा मनसुनको बाढी र चट्याङमा परी कम्तीमा पनि २६ जनाको मृत्यु भएको छ । छिमेकी राष्ट्र बङ्गलादेशमा लाखौं मानिस यस प्रकोपको मारमा परेका अधिकारीहरूले सोमबार जनाएका छन् । भारत र बङ्गलादेशमा बाढी एक नियमित खतराको रुपमा रहेको छ । भारतको उत्तरपूर्वी राज्य आसाममा पहिरोमा परी तीन जनाको मृत्यु भएको छ भने बाढीमा डुबेर छ जनाको मृत्यु भएको प्रकोप व्यवस्थापन अधिकारीहरूले बताएका छन् ।

पूर्वी राज्य बिहारमा आँधीका कारण चट्याङ लागेर कम्तीमा १७ जनाको मृत्यु भएको स्थानीय प्रकोप व्यवस्थापन मन्त्री रेणु देवीले जानकारी दिनुभयो । आसाम लगातार बाढीको चपेटामा परेको छ । राज्यका ३३ जिल्लाका ५ हजार १४० गाउँहरू बढ्दो पानीले डुबेका छन् । एक लाखभन्दा बढी गाउँले राहत आश्रयमा शरण लिएका छन् । राज्य पहिलो पटक अप्रिलमा प्रभावित भएको थियो । हाल पुनः बर्षाको कारण आएको बाढीमा परी ४४ जनाको मृत्यु भएको छ ।

छिमेकमा पर्ने मेघालय राज्यमा पहिरो र बगेको खोलाले सडक डुबेपछि गत बिहीबारदेखि कम्तिमा १६ जनाको मृत्यु भएको छ ।मनसुन आँधीले बङ्गलादेशमा विनाशकारी बाढी पनि फैलाएको छ । लाखौं अलपत्र परेका र दर्जनौंको मृत्यु भएको छ । सोमबार, बाढीको पानी सिल्हेटको उत्तरपूर्वी जिल्लाबाट बिस्तारै कम हुँदै गइरहेको थियो । यद्यपि लाखौं अझै पनि बेवारिसे भएका जिल्लाका मुख्य प्रशासक मोशर्रफ हुसेनले बताउनु भएको छ ।

आश्रयस्थलहरु प्रभावित मानिसहरूले भरिएका छन् । त्यहाँ खाना र पिउने पानीको ठूलो संकट छ । धेरै घर फर्कन डराउँछन् भने धेरैले बाढीको पानीमा आफ्नो घर गुमाएका छन्,' उहाँले एएफपीलाई बताउनु भएको छ । जमालपुर जिल्लामा, एक आठ वर्षीया बालिकालाई डुबानमा परेको घरको आँगनबाट बगाएको थियो र पछि मृत फेला परेको प्रहरी अधिकारी अमिनुल इस्लामले एएफपीलाई बताउनु भएको छ । दक्षिणपूर्वी चटगाउँ पहाडी जिल्लाहरूमा पनि भारी वर्षा जारी रहयो जसले बन्दरगाह सहरमा जलमग्नता र पहिरोको जोखिम बढाएको छ ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# विशिष्ट व्यक्तिको हेलिकप्टर उडानमा दुई पाइलट अनिवार्य

काठमाडौँ, ६ असार (रासस)।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले नेपाल सरकारले तोकेका विशिष्ट व्यक्तिको हेलिकप्टर उडानमा अबदेखि अनिवार्य रुपमा दुई जना पाइलट राख्नुपर्ने निर्णय गरेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको अध्यक्षतामा आइतबार साँझ बसेको नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको बैठकले सो निर्णय गरेको हो।

प्राधिकरणले एक विज्ञप्ति जारी गर्दै नेपालको आन्तरिक उडानमा रहेका हेलिकप्टरलाई अबका दिन विशिष्ट व्यक्तिको उडानमा अनिवार्य दुईजना पाइलट राख्नुपर्ने निर्णय गरिएको जनाएको छ।

यसैगरी प्राधिकरणले स्वचालित प्रणालीले तोके बमोजिम दुई जना पाइलट राख्नुपर्ने अनिवार्य व्यवस्था समेत गरेको छ। हाल नेपालमा १० वटा निजी र नेपाल सरकारको एक गरी ११ वटा हेलिकप्टर कम्पनी छन्। प्राधिकरणले काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जहाजको पार्किङ क्षमता भरिएकाले काठमाडौँ बाहिर हेलिकप्टर र जहाजलाई सार्ने निर्णय समेत गरेको छ।

हवाई जहाज सञ्चालक कम्पनीले यही असार १३ देखि तोकिएका आधार विमानस्थलमा जहाज पार्किङ गर्नुपर्ने जनाएको छ। यसैगरी हेलिकप्टरले पनि यही असार ७ गतेदेखि तोकिएका काठमाडौँ बाहिरका विमानस्थलमा आफ्नो रात्रि बिसान गरी पहिलो उडान ती विमानस्थलबाटै अनिवार्य गर्नुपर्ने निर्णयसमेत गरेको छ।

### समन्वय समितीको ...

निर्णयमा पुग्न नसकेको बताए। यस्तै लोसपाका जिल्ला अध्यक्ष सुनिल झाले काँग्रेससँगै अन्य दलसँग पनि वार्ता भईरहेको तर कुनै निष्कर्षमा पुगी नसकेको जानकारी दिए।

जिल्लामा १८ पालिका रहेकोमा कुनै पनि दललाई पूर्ण बहुमत छैन। नेपाली काँग्रेससँग सर्वाधिक १२ मत छ। यस्तै जसपासँग ८, लोसपा सँग ५, नेकपा एमाले सँग ४, जनमत पार्टी सँग ३ तथा नेकपा माओवादी केन्द्र र नेकपा एकिकृत समाजवादी सँग २/२ मत रहेको छ।

## हवाई भाडा बढ्यो

काठमाडौँ, ६ असार (रासस)।

नेपाल वायु सेवा सञ्चालक संघले आन्तरिक हवाई सेवाको भाडा वृद्धि गरेको छ। पेट्रोलियम पदार्थको मूल्य वृद्धिसँगै संघले आगामी बुधवारदेखि लागू हुनेगरी हवाई भाडा बढाएको हो।

संघले सोमबार एक सूचना जारी गर्दै आन्तरिक हवाई उडानको फ्यूल चार्ज न्यूनतम १७० रुपैयाँदेखि अधिकतम ८४० रुपैयाँसम्मले वृद्धि गरिएको जनाएको छ। नयाँ मूल्यअनुसार अब सबैभन्दा बढी काठमाडौँ-धनगढी रुटमा ८४० रुपैयाँले भाडा बढ्नेछ। बढेको भाडाअनुसार यो रुटमा हवाई यात्रुले अधिकतम रु १६ हजार ८०५ तिर्नुपर्नेछ। सबैभन्दा कम काठमाडौँ-सिमरामा रु ७० ले भाडा बढेर जम्मा रु ४ हजार १९५ पुगेको छ।

नेपाल आयल निगमले पेट्रोलियम पदार्थ पेट्रोल, डिजेल र मट्टितेलसँगै हवाई इन्धनको मूल्य प्रतिलिटर १९ रुपैयाँले बढाएको थियो।

# सवारी दुर्घटनामा ज्यान गुमाएका उपसभापति चौधरीप्रति श्रद्धाञ्जली



**दैनिक समाचारदाता**
**राजविराज, ६ असार।**

नेपाल रेडक्रस सोसाईटी शाखा सप्तरीका उपसभापति समेत रहेका स्व. रामनारायण चौधरीप्रति श्रद्धाञ्जली व्यक्त गरिएको छ।

नेपाल रेडक्रस सोसाईटी शाखा सप्तरीले राजविराजस्थित आफ्नै सभाकक्षमा १५ औं दिनको पुण्य तिथीको अवसर पारेर एक कार्यक्रमको आयोजना गरी सम्झनामा उनीप्रति श्रद्धाञ्जली अर्पण गरेको हो।

गत जेठ २३ गते चौधरी सवार स्कुटरलाई ट्रकले ठक्कर दिदा उनको निधन भएको थियो। २०५७ सालमा रेडक्रसको सदस्य बनेका सुरुङ्गा नगरपालिका निवासी ५५ वर्षीय चौधरी आफनो कुशल व्यवहारका कारण कोषाध्यक्ष हुँदै उपसभापतीको जिम्मेवारीमा पुगेको रेडक्रस सोसाईटी शाखा सप्तरीका सभापति जोगेन्द्र भगतले बताए।

तत्कालिन दौलतपुर गाविसको दुई पटक अध्यक्ष समेत रहीसकेका चौधरीको निधनले रेडक्रसलाई अपुर्णीय क्षती पुगेको उनको भनाई थियो।

शाखाका अधिकृत ब्रहमदेव यादवद्वारा संचालित श्रद्धाञ्जली सभा कार्यक्रममा शाखाका उपमन्त्री नरेश यादव, कोषाध्यक्ष, चित्रनारायण यादव, राजविराज उपशाखाका सभापती बैद्यनाथ झा, जिल्ला सदस्य धर्म नारायण यादव, कजरा उपशाखाका अध्यक्ष देव नारायण गुप्ता, सुरुङ्गा उपशाखाका अध्यक्ष विन्देश्वर चौधरी, स्वयम सेवक अमिरकान्त चौधरी, समाजसेवी जगदिश अर्यालय लगायतले पनि रेडक्रसले निष्ठावान अभियन्ता गुमाएको भन्दै दुःख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेका थिए।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

## चट्याङको समयमा सतर्क रहौं।

**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*